# लोक सेवा आयोग

## लोक सेवा आयोगको ६३ औं वार्षिकोत्सवको अवसरमा जारी गरिएको प्रेस विज्ञप्ति

### "स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट
### लोक सेवा आयोगको दृढ अठोट"

वि.सं. २००८ आषाढ १ गते स्थापना भएको लोक सेवा आयोगले आज ६२ वर्ष पूरा गरी ६३ वर्षमा प्रवेश गरेको छ । आयोगको ६ दशक भन्दा लामो यात्रामा आयोगलाई सफल तुल्याउनमा नेपाल सरकारका विभिन्न निकायहरु, दक्ष/विज्ञहरु, राष्ट्रसेवक कर्मचारीहरु, समस्त उम्मेदवारहरु, शैक्षिक संस्थाहरु, सञ्चार माध्यम लगायत विभिन्न महानुभावहरु तथा संघ संस्थाबाट सराहनीय सहयोग प्राप्त हुँदै आएको छ । यसको लागि उहाँहरु सबैप्रति आयोग धन्यवाद ज्ञापन गर्दछ ।

आयोगमा केही समयदेखि रिक्त रहेको आयोगको अध्यक्ष पद समेत हाल पूर्ति भइसकेको छ । यस आयोगमा हालसम्म १७ जना अध्यक्षहरु, ३७ जना सदस्यहरु र २७ जना सचिवहरुले सेवा पुऱ्याउनु भएको छ । आयोगको हाल केन्द्रीय कार्यालय १, क्षेत्रीय निर्देशनालय ५, अञ्चल कार्यालय ९ र काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्र १ गरी जम्मा १६ (सोह्र) वटा कार्यालयहरु छन् भने यी कार्यालयहरुमा ८६ राजपत्रांकित, २१५ राजपत्र अनंकित र ७० श्रेणी विहीन गरी जम्मा ३७१ जनाको दरबन्दी रहेको छ ।

आयोगले नेपालको अन्तरिम संविधान, २०६३, लोक सेवा आयोग ऐन, २०६६ र अन्य सम्बन्धित कानूनमा व्यवस्था भए बमोजिम निजामती सेवाका पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवारहरुको छनौट गर्न परीक्षा सञ्चालन गर्ने, संविधान प्रदत्त अधिकार क्षेत्र भित्रका विभिन्न विषयमा परामर्श प्रदान गर्ने तथा बढुवा उजूरी उपर टुंगो लगाउने कार्य नियमित रुपमा गर्दै आएको छ । यस आयोगका अध्यक्ष र सदस्यहरुबाट विभिन्न संवैधानिक तथा कानूनद्वारा स्थापित निकायहरुको पदपूर्ति सम्बन्धी समितिको अध्यक्षता एवं सदस्यता ग्रहण हुँदै आएको छ । यस्ता निकायहरुमा मूलतः नेपाली सेनाको पदपूर्ति समिति, प्रहरी सेवा (प्रहरी निरीक्षक) छनौट समिति, सशस्त्र प्रहरी सेवा आयोग, राष्ट्रिय अनुसन्धान सेवा आयोग, सार्वजनिक संस्थानका कार्यकारी प्रमुख सिफारिश समिति एवं निजामती सेवा तर्फका राजपत्रांकित पदमा बढुवाको लागि बढुवा समिति रहेका छन् । यसका अतिरिक्त न्याय सेवा आयोग, सशस्त्र प्रहरी, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागको अनुरोधमा ती निकायबाट लिइने लिखित परीक्षा समेत यस आयोगले सञ्चालन गर्दै आएको छ ।

गत आर्थिक वर्ष आ.व. २०६८/६९ मा आयोगले निजामती सेवामा रिक्त रहेका ३,५९२ पदका लागि १,१२० वटा विज्ञापन तथा सूचनाहरु प्रकाशन गरेको थियो । जसका लागि २,७१,५७७ दरखास्त पर्न आएका थिए । कूल दरखास्त मध्ये महिला उम्मेदवारको संख्या १,१३,७८५ (४२ प्रतिशत) र पुरुष उम्मेदवारको संख्या १,५७,७९२ (५८ प्रतिशत) रहेको थियो । आयोगले विभिन्न श्रेणी र तहका गरी राजपत्रांकित तर्फ ५८७, राजपत्र अनंकित तर्फ २०२६ र श्रेणीविहीन तर्फ २०५ गरी जम्मा २,८१८ उम्मेदवारहरुलाई नियुक्तिका लागि सिफारिश गरेको थियो । यसमा समावेशी समूहमा सिफारिश हुनेको संख्या १,०१३ रहेको थियो । समावेशी समूहहरुबाट सिफारिश भएकाहरु मध्ये सबैभन्दा बढी महिलातर्फ ३५२ (३५ प्रतिशत) र सबभन्दा कम पिछडिएको क्षेत्रतर्फ ३० (३ प्रतिशत) रहेका थिए ।

क्रमशः

यसैगरी आ.व. २०६८/६९ मा ८९ जना कर्मचारीहरुलाई विभागीय सजायको लागि परामर्श पठाइएको र ५५ वटा रिटको लिखित जवाफ पठाइएको छ भने १३१ जना उम्मेदवारहरुको बढुवा उपर परेको उजूरीको टुंगो लगाइएको छ ।

चालु आ.व. २०६९/७० मा आयोगले विभिन्न श्रेणीका गरी जम्मा ३०२३ पदसंख्याको लागि विज्ञापन प्रकाशन गरेको छ । विज्ञापित पदहरुमध्ये समावेशीताको आधारमा पदपूर्ति गर्ने सम्बन्धी कानूनी प्रावधानको अभावमा लामो समयदेखि रोकिएको स्वास्थ्य सेवाको अधिकृतस्तरका खुला तर्फका सबै पदहरुको लिखित परीक्षा सञ्चालन हुन बाँकी छ भने अन्य सेवाका राजपत्र अनंकित द्वितीय श्रेणी प्राविधिक तर्फका केही पदहरु बाहेक सबै पदहरुको लिखित परीक्षा सम्पन्न भएको छ । राजपत्रांकित प्रथम र द्वितीय श्रेणीका सबै विज्ञापनहरुको अन्तर्वार्ता समेत सम्पन्न भई नियुक्तिको लागि सिफारिश भइसकेको छ । स्वास्थ्य सेवा तर्फका सहायकस्तरका पदहरुमा पनि यसै महिनाको दोस्रो बुधबार विज्ञापन हुने क्रममा रहेको छ ।

आयोगले उपयुक्त उम्मेदवारको छनौट गर्ने प्रक्रिया र परिणामलाई अझ बढी गुणस्तरीय बनाउन पछिल्ला वर्षहरुमा निकै प्रयत्न गर्दै आएको छ । यसै आर्थिक वर्षमा OMR (Optical Mark Reader) को प्रयोगबाट वस्तुगत प्रश्नबाट हुने परीक्षाको उत्तर पुस्तिका परीक्षण गर्ने काम सुरु गरिएको छ । निजामती सेवाका राजपत्र अनंकित अप्राविधिक पदहरुमा लागू गरिएको एकीकृत परीक्षा प्रणाली आगामी आ.व. २०७०/७१ देखि राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) पदहरुमा पनि लागू गरिने भएको छ । आयोगको कार्यमा सूचना तथा सञ्चार प्रविधि (ICT) को सघन प्रयोग गर्न यसै बर्षदेखि तत् सम्बन्धी परियोजना सुरु भएको छ । यसबाट आयोगको काम कारवाहीमा सक्रियता आउने, अभिलेख व्यवस्थापन सरल हुने तथा आयोगबाट प्रदान गरिने सेवामा सर्वसाधारणको सहज पहुँच हुने विश्वास लिइएको छ । यसका साथै आयोगको कामलाई चुस्त र प्रभावकारी बनाउन संगठन तथा व्यवस्था सर्वेक्षण, विभिन्न पदहरुको पाठ्यक्रम निर्माण/परिमार्जन, परीक्षा प्रणालीको सुधारलाई निरन्तरता दिइएको छ । साथै आयोगको कार्यप्रणालीसँग सम्बन्धित कानून तथा आयोगबाट लिइएका नीतिगत निर्णयहरु सहितको दिग्दर्शन प्रकाशन गरिएको छ । यसैगरी आयोगका विविध गतिविधिहरु समेटेर लोक सेवा आयोग समाचारपत्र (न्यूजलेटर) त्रैमासिक रुपमा प्रकाशन हुदै आएको छ ।

वार्षिक उत्सवको अवसरमा आयोगमा लामो समयसम्म सेवारत रही सेवानिवृत्त ५ (पाँच) जना कर्मचारीहरुलाई सम्मान सहित कदरपत्र प्रदान गरिएको छ । आयोगमा हाल कार्यरत कर्मचारीहरु मध्ये ३ (तीन) जना उत्कृष्ट काम गर्ने कर्मचारीहरुलाई जनही २५ हजार नगद पुरस्कार समेत प्रदान गरिएको छ । आयोगलाई हालको अवस्थासम्म पुऱ्याउन योगदान पुऱ्याउनु हुने सम्पूर्ण पूर्व पदाधिकारीहरु, दक्षविज्ञहरु, बुद्धिजीवीहरु, कर्मचारीहरु र अन्य शुभचिन्तकहरुको अथक प्रयासलाई आयोग पुनः स्मरण गर्न चाहन्छ । **अन्त्यमा,** आयोगको गौरवपूर्ण इतिहासलाई संस्थागत गर्दै कार्य प्रणालीलाई अझै बढी विश्वसनीय बनाउने काममा लोक सेवा आयोग निरन्तर लागिरहने दृढ प्रतिज्ञा गर्दछ ।

धन्यवाद ।

२०७० साल आषाढ १ गते शनिबार ।
अनामनगर, काठमाडौं ।